एकाइ ७ · हाम्रो पृथ्वी: वनस्पति, विपत् र नक्सा

कार्यपत्र

पूर्णाङ्क २९

नाम _____ कक्षा _____ रोल नं. _____ मिति _____ प्राप्ताङ्क _____ / २९

१ मुख्य शब्द [३]

कोठामा दिइएका उपयुक्त शब्द छानी खाली ठाउँ भर्नुहोस्। कोठाका दुईओटा शब्द प्रयोग हुँदैनन्। प्रत्येक खाली ठाउँको ०.५ अङ्क छ।

उष्ण सदाबहार जङ्गल **नक्सा** **पतझड जङ्गल** **लेकाली वनस्पति** **विपत्** **सङ्केत** **सामाजिक जनजीवन** **हावाहुरी**

तराईका ठुला र अग्ला रुख भएको, वर्षैभरि हरियो रहने जङ्गललाई _____ भनिन्छ। हिउँदमा रुखका पात झर्ने जङ्गललाई _____ भनिन्छ। जातजातिका आआफ्नै रहनसहन, चाडपर्व, भाषा र संस्कारलाई _____ भनिन्छ। अचानक आएर जनधनको क्षति गर्ने घटनालाई _____ भनिन्छ। धेरै जोडले चल्ने हावालाई _____ भनिन्छ। ठुलो ठाउँलाई सानो बनाएर कागजमा उतारेको चित्रलाई _____ भनिन्छ।

२ चित्रको नामाङ्कन [३]

चित्रमा नक्सामा प्रयोग हुने केही सङ्केत छन्। १ देखि ६ सम्मका अङ्क भएका सङ्केतले के जनाउँछन्, लेख्नुहोस्। यी नाम प्रयोग गर्नुहोस्: ताल, नदी, पुल, रेलमार्ग, विमानस्थल, मन्दिर। प्रत्येकको ०.५ अङ्क छ।

पहाड	रज्जुमार्ग
हिमाली शृङ्खला	४
सडक	५
१	बाटो
२	६
राजधानी	सहर
उद्योग	चर्च
३	मस्जिद

१. _____ २. _____

३. _____ ४. _____

५. _____ ६. _____

३ ठिक कि बेठिक? [२]

वाक्य ठिक भए ✓ र बेठिक भए ✗ चिह्न लगाउनुहोस्। प्रत्येकको ०.५ अङ्क छ।

i. कर्णाली प्रदेश क्षेत्रफलका आधारमा नेपालको सबैभन्दा ठुलो प्रदेश हो। ☐

ii. हावाहुरीका बेला रुखमुनि ओत लाग्नु सुरक्षित हुन्छ। ☐

iii. बिजुलीबाट लागेको आगोमा पानी हाल्नुपर्छ। ☐

iv. धेरैजसो नक्साको माथिपट्टि उत्तर हुन्छ। ☐

४ अति छोटो उत्तर [९]

तलका प्रश्नको अति छोटो उत्तर लेख्नुहोस्।

क. कोणधारी रुखको आकार कस्तो हुन्छ? [१]

ख. लेकाली वनस्पतिका घाँसे चरन केका लागि उपयोगी छन्? [१]

ग. वि.सं. २०७८ को जनगणनाले नेपालमा कतिओटा मातृभाषा देखायो? [१]

घ. नेपालमा हावाहुरी कुन कुन महिनामा धेरै आउँछ? [१]

ङ. दमकल बोलाउन कुन नम्बरमा फोन गर्नुपर्छ? [१]

च. चट्याङ प्रायः कस्ता वस्तुमा पर्छ? [१]

छ. कर्णाली प्रदेशको राजधानी कुन हो? [१]

ज. नक्सामा “उ” ले कुन दिशा देखाउँछ? [१]

झ. लोचन उदाउँदो सूर्यतिर फर्केर उभिए। उनको पछाडि कुन दिशा पर्छ? [१]

५ छोटो उत्तर [६]

तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस्।

क. कोणधारी वनस्पतिका कुनै दुई चिनारी लेख्नुहोस्। [२]

ख. बाहिर खेल्दै गर्दा सोनामले पल्लो घरमा आगो लागेको देखे। अब उनले के गर्नुपर्छ? [२]

ग. नक्सामा सङ्केत किन प्रयोग गरिन्छ? नक्साको कुनामा सङ्केतको सूची किन दिइन्छ? [२]

६ लामो उत्तर [४]

तलको प्रश्नको लामो उत्तर लेख्नुहोस्।

घरबाहिर वा घरभित्र हुँदा हावाहुरी आयो भने अपनाउनुपर्ने कुनै चार सावधानी लेख्नुहोस्।

Science Playground, कादुन्जे, भक्तपुर
https://science-playground.com/learn/grade-5-social/our-earth

७ सोच्नुहोस् [२]

सोचेर उत्तर लेख्नुहोस्।

तराईबाट हिमालतिर चढ्दै जाँदा रुख किन साना हुँदै जान्छन्? अग्लो हिमाली क्षेत्रमा रुख नै किन हुँदैनन्?

८ क्रियाकलाप: मेरो घरको सुरक्षा (अङ्क नदिइने)

घरका ठुला मानिससँगै घरमा हेरेर तालिका भर्नुहोस्।

हेर्ने कुरा	मेरो घरमा कस्तो छ?	के गर्नुपर्छ?
सलाई र लाइटर राख्ने ठाउँ		
बिजुलीका तार र स्विच		
घरको मेनस्विच		
आगो बाल्ने ठाउँ		
नजिकको दमकल वा सहयोगको फोन नम्बर		